प्रति साधारण शेयर रु.१००/– अङ्कित दरको २३,१०,००० कित्ता साधारण शेयरहरुको हकप्रद निष्काशन

हाल कायम चुक्ता पूँजी रु. २,३१,००,००,०००/– (अक्षरेपी दुई अर्ब एकतिस करोड) बराबरको प्रति शेयर १००/– अंकित दरका २,३१,००,००० (दुई करोड एकतिस लाख) कित्ता को १०% (१०० :१०) अर्थात प्रत्येक १०० कित्ता शेयर बराबर १० कित्ताको दरले साविक शेयरधनीहरुको लागि रु. २३,१०,००,०००/– (अक्षरेपी तेइस करोड दस लाख) बराबरको प्रति शेयर १००/– अंकित दर का २३,१०,००० (तेइस लाख दश हजार) कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शत्प्रतिशत भुक्तानी माग गरिएको ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बीमा ऐन, २०७९ बमोजिमको काम कारोवार गर्ने

यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड
United Ajod Insurance Limited

UNITED AJOD Insurance Limited — United by Trust

सि.टी.सी मल (सातौं तल्ला), सुन्धारा, काठमाण्डौं, फोन नं. ०१- ५१११११११

इमेल: info@unitedajodinsurance.com, वेभसाइट: www.unitedajodinsurance.com

को

१०० कित्ता साधारण शेयर बराबर नयाँ १० कित्ता साधारण शेयरको

हकप्रद निष्काशन बारेको सूचना

हकप्रद शेयरको बिक्री खुला अवधि:

निष्काशन खुला मिति : २०८२/१२/२६ गते
निष्काशन बन्द मिति : २०८३/०१/१६ गते (बैंकिङ्ग समय पश्चात)

सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो स्व:विवेकले दरखास्त दिएको हो ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड (ICRA Nepal Ltd.) डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०२५ नोभेम्बर १३ गते "[ICRANP-IR] BBB" प्रमाणपत्र प्राप्त गरेको छ । उक्त रेटिङ्गले moderate degree of safety regarding timely servicing of financial obligations भन्ने जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँदछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यस सम्बन्धि विवरण पत्रको दफा ग.२२ (ब) पृष्ठ ४४ मा उल्लेखि गरिएको छ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०२५/११/१३ (२०८२/०७/२७) **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०२६/११/१७ (२०८३/०८/०१)**

कम्पनीको हाल कायम चुक्ता पूँजी रु. २,३१,००,००,०००/– को एक सय (१००) कित्ता शेयर बराबर नयाँ दश (१०) कित्ता शेयर (१००:१० को अनुपातमा रु. १०० अङ्कित दरका २३,१०,००० कित्ता हकप्रद शेयर मिति २०८२/११/१७ गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गरिएको ।

'हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू'

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०८२/१०/२७ गते । कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति : २०८२/११/१४ गते नेपाल बीमा प्राधिकरणबाट स्वीकृति भएको मिति: २०८१/०२/११ गते

१) संगठित संस्थाको नाम : यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड. [UNITED AJOD INSURANCE LIMITED]

२) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा.वड्डा नं. ११, सुन्धारा, काठमाडौंमा रहेको छ ।

३) कारोबार स्थान :

यस कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, का.म.न.पा. सुन्धारा, काठमाडौंमा रहेको छ। यस कम्पनीले नेपाल बीमा प्राधिकरणले स्वीकृत गरे अनुसार नेपाल भित्र देहायका स्थानहरुबाट आफ्नो कारोबार सञ्चालन गर्दै आएको छ।

क्र.स.	प्रदेश	जिल्ला	कार्यालय रहने स्थान
१	कोशी	मोरङ	विराटनगर, प्रादेशिक
२		झापा	विर्तामोड क, शाखा
३		झापा	विर्तामोड ख, शाखा
४		झापा	दमक, शाखा
५		सुनसरी	इटहरी, शाखा
६		सुनसरी	धरान, शाखा
७		इलाम	इलाम, शाखा
८		इलाम	फिक्कल, शाखा
९		संखुवासभा	खांदवारी, उपशाखा
१०		झापा	कंकडभिट्टा, उपशाखा
११		मोरङ	विराटचोक, उपशाखा
१२		मोरङ	पथरी, उपशाखा
१३		पाचंथर	फिदिम, उपशाखा
१४		ताप्लेजुङ	फुङ्लिङ, उपशाखा
१५		झापा	विर्तामोड, एक्टेन्सन काउन्टर
१६		झापा	चारआली एक्सटेन्सन काउन्टर
१७		मोरङ	कन्चनवारी एक्सटेन्सन काउन्टर
१	मधेश	पर्सा	विरगंज, प्रादेशिक
२		धनुषा	जनकपुर, शाखा क
३		धनुषा	जनकपुर, शाखा ख
४		रौतहट	रौतहट, शाखा
५		सिरहा	लहान, उपशाखा
६		सर्लाही	सर्लाही, उपशाखा
७		सर्लाही	हरिवन, उपशाखा
८		बारा	कलैया, उपशाखा
९		बारा	जितपुर सिमरा, उपशाखा
१०		रौतहट	गौर, उपशाखा
११		महोत्तरी	बर्दिवास, उपशाखा
१२		सिरहा	मिर्चैया, उपशाखा
१३		धनुषा	महेन्द्रनगर एक्सटेन्सन काउन्टर
१४		बारा	अमलेखगञ्ज एक्सटेन्सन काउन्टर
१	बागमती	मकवानपुर	हेटौडा, शाखा
२		चितवन	नारायणगढ, शाखा
३		काभ्रेपलाञ्चोक	बनेपा, शाखा
४		काभ्रेपलाञ्चोक	धुलिखेल, शाखा
५		चितवन	टाँडी, उपशाखा
६		दोलखा	चरीकोट, उपशाखा
७		धादिङ	महादेवबेशी, उपशाखा
१	गण्डकी	कास्की	पोखरा, प्रादेशिक
२		कास्की	पोखरा, शाखा
३		लमजुङ	बेसी शहर, शाखा
४		बाग्लुङ	बाग्लुङ, शाखा
५		पर्वत	पर्वत, शाखा
६		गोर्खा	गोर्खा, शाखा
७		नवलपुर	कावासोती, उपशाखा
८		बाग्लुङ	बुर्तीवाङ, उपशाखा
९		तनहुँ	दमौली, उपशाखा
१०		स्याङ्जा	वालिङ, उपशाखा
११		कास्की	पोखरा, तेश्रो पक्ष बीमा काउन्टर
१२		बाग्लुङ	बाग्लुङ, तेश्रो पक्ष बीमा काउन्टर
१३		कास्की	लेखनाथ एक्सटेन्सन काउन्टर
१४		म्याग्दी	बेनी एक्सटेन्सन काउन्टर
१	लुम्बिनी	कपिलवस्तु	कपिलवस्तु, प्रादेशिक
२		रुपन्देही	बुटवल, प्रादेशिक
३		रुपन्देही	भैरहवा, शाखा
४		बाँके	नेपालगञ्ज, शाखा
५		दाङ	दाङ घोराही, शाखा
६		दाङ	दाङ तुलसीपर, शाखा
७		दाङ	थानकोट एक्स्टेन्सन काउन्टर
१		रुपन्देही	बुटवल
२		रुपन्देही	भैरहवा
३		बाँके	नेपालगञ्ज
४		दाङ	घोराही
५		दाङ	तुलसीपर
६		गुल्मी	गुल्मी
७		नवलपरासी	भुमही
८		अर्घाखाँची	अर्घाखाँची
९		कपिलवस्तु	कपिलवस्तु
१०		बाँके	कोहलपुर
११		पूर्वी रुकम	पूर्वी रुकम
१२		कपिलवस्तु	लुम्बिनी
१३		बाँके	नेपालगञ्ज, तेश्रो पक्ष बीमा काउन्टर
१४		रुपन्देही	भैरहवा, एक्टेन्सन काउन्टर
१५		दाङ	तुलसीपर एक्सटेन्सन काउन्टर
१६		बाँके	रांफा एक्सटेन्सन काउन्टर
१७		रुपन्देही	तिलोत्तमा एक्सटेन्सन काउन्टर
१	कर्णाली	सुर्खेत	सुर्खेत, प्रादेशिक
२		हुम्ला	हुम्ला, उपशाखा
३		दैलेख	दैलेख, उपशाखा
१	सुदुर पश्चिम	कैलाली	धनगढी, प्रादेशिक
२		कञ्चनपुर	महेन्द्रनगर, उपशाखा
३		अछाम	अछाम, उपशाखा
४		बाजुरा	बाजुरा, उपशाखा
५		कैलाली	अत्तरीया, उपशाखा
६		कैलाली	लम्की, उपशाखा
७		डडेल्धुरा	डडेल्धुरा, उपशाखा
८		कैलाली	टिकापुर, उपशाखा
९		कञ्चनपुर	महेन्द्रनगर, तेश्रो पक्ष बीमा
१०		कैलाली	चटकपुर एक्सटेन्सन काउन्टर
१	उपत्यका भित्र	काठमाण्डौ	प्रधान कार्यालय, सुन्धारा
२		भक्तपुर	भक्तपुर, शाखा
३		काठमाण्डौ	बौद्ध, शाखा
४		काठमाण्डौ	जोरपाटी, शाखा
५		ललितपुर	ललितपुर, शाखा
६		ललितपुर	कुपन्डोल, शाखा
७		काठमाण्डौ	कोटेश्वर, शाखा
८		काठमाण्डौ	महाराजगन्ज, उपशाखा
९		काठमाण्डौ	दरबारमार्ग, शाखा
१०		काठमाण्डौ	न्यूरोड, शाखा
११		काठमाण्डौ	बानेश्वर, शाखा
१२		काठमाण्डौ	मैतीदेवी, शाखा
१३		काठमाण्डौ	कलंकी, शाखा
१४		काठमाण्डौ	ठमेल, शाखा
१५		काठमाण्डौ	टोखा, शाखा
१६		काठमाण्डौ	कीर्तिपुर, उपशाखा
१७		काठमाण्डौ	कुलेश्वर, उपशाखा
१८		ललितपुर	चापागाउँ, उपशाखा
१९		ललितपुर	लगनखेल, एक्टेन्सन काउन्टर
२०		ललितपुर	एकान्तकला, तेश्रोपक्ष बीमा
२१		काठमाण्डौ	सतुङराल, उपशाखा
२२		काठमाण्डौ	छाँयादेवी कम्प्लेक्स, एक्टेन्सन काउन्टर
२३		काठमाण्डौ	थानकोट एक्स्टेन्सन काउन्टर

४) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको संक्षिप्त परिचय :
सार्विक यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लिमिटेड कम्पनी ऐन, २०२१ बमोजिम मिति २०५०/०८/१५ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कारोबार गर्दै आएको र साविक अजोड इन्स्योरेन्स लि. कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४।१२।२० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७५।०३।२१ गते देखी बीमा व्यवसाय कारोबार गर्दै आएकोमा नेपाल बीमा प्राधिकरणबाट बीमा ऐन २०७९ अनुसार २०८०/०२/१४ गते बीमकको हैसियतले कार्य गर्न स्वीकृति प्राप्त गरी मिति २०८०/०२/१४ देखी आफ्नो एकिकृत कारोबार गरिरहेको छ। यस कम्पनीको मिति २०८०/०१/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक अजोड इन्स्योरेन्स लिमिटेडमा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिनुं पर्ने कर दायित्व आदि परिवर्तित यूनाइटेड अजोड इन्स्योरेन्स लि. को कम्पनीले सकार्ने व्यहोर्ने नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा मिति २०८०/०२/०८ को निर्णयानुसार त्यस कम्पनीको नाम परिवर्तन गरी यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड कायम गरिएको छ।
नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम नेपालको निजीवन बीमा व्यवसायको क्षेत्रमा ३० वर्षको लामो इतिहास बोकेको साविकको यूनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लि. र साविकको अजोड इन्स्योरेन्स लि. एक आपसमा गाभिएर मिति २०८० साल जेठ १४ गतेबाट यूनाइटेड अजोड इन्स्योरेन्स लि.को नामबाट एकिकृत एकमा निजीवन बीमा कारोबार सुरु गरेको छ। वीमितहरुलाई उपलब्ध गराउने सुविधालाई मध्यनजर गर्दै साविकका दुवै कम्पनीको शाखा, उपशाखा कार्यालयहरुको मिलान तथा कर्मचारीहरुलाई समायोजना गरि प्रधान कार्यालय लगायत ६ वटा प्रादेशिक कार्यालय, २७ वटा शाखा कार्यालयहरु, ४० वटा उपशाखा कार्यालयहरु, १५ वटा एक्सटेन्सन काउण्टरहरु र ६ वटा तेश्रो पक्ष बीमा काउण्टरहरुबाट कम्पनीले बीमा सेवा प्रदान गर्दै आएको छ। साथै यस यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट समेत "क" वर्गको कम्पनीको रुपमा वर्गिकृत भएको छ। यस यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडका संस्थापकहरुमा बैंक तथा वित्तीय संस्था, व्यवसायी, उद्योगपति, वीमा क्षेत्रमा अनुभव प्राप्त व्यक्तिहरु र समाज सेवामा संलग्नता रहेको छ ।

यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको उद्देश्य

१) कम्पनीका मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ।
प्रचलित ऐनको अधिनमा रही स्वीकृति लिनु पर्नेमा स्वीकृति लिई वीमा व्यवसाय संचालन गर्ने ।
(क) हरेक किसिमको निजीवन वीमा तथा पुनर्वीमा सम्बन्धित सबै किसिमका काम गर्ने गराउने । जस्तै: अग्नि वीमा, सामुन्द्रिक वीमा, मोटर बीमा, विविध बीमा, इन्जिनियरिङ वीमा, हवाई बीमा, पुनर्वीमा ।
(ख) स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसंग मिली संयुक्त वा छुट्टाछुटै वा सबै किसिमको वीमा व्यवसाय गर्ने गराउने ।
(ग) वीमा व्यवसाय संचालन गर्नका लागि अधिराज्यको विभिन्न भागमा तथा विदेशमा शाखा, उपशाखा कार्यालयहरुको स्थापना गर्ने गराउने ।
(घ) स्वदेशी तथा विदेशी बीमा अभिकर्ता (एजेन्ट) इत्यादि तथा दावी निर्धारण कर्ता नियुक्ति गर्ने गराउने ।
(ङ) पुनर्वीमा व्यवसायको लागि स्वदेशी वीमकहरुको प्रतिनिधि (एजेन्सी वा अभिकर्ता भई काम गर्ने तथा गर्न लगाउने ।
(च) वीमा व्यवसायको लागि आवश्यक वीमा जगेडा कोषको व्यवस्था गर्न लगानी गर्ने ।
(छ) कम्पनीको जायजेथा मर्मत सुधार वा दायित्व पूर्ति एवं कम्पनीको हित र सुरक्षाको लागि समेत झास कोष, जगेडा कोष, मर्मत संभार कोष, कर्मचारी संचयकोष, चन्दा तथा उपहार कोष, उपदान कोष आदि खडा गर्ने र त्यस्तो कोषमा रकम जम्मा गर्ने ।
(ज) प्रचलित कानूनहरुको अधिनमा रही कम्पनीवाट बैंक, कम्पनी तथा वित्तीय संस्थाहरुको शेयर तथा डिवेन्चरहरु खरीद गर्ने, कम्पनीले उचित तथा आवश्यक देखेको उद्योगहरुमा लगानी गर्ने ।
(झ) कम्पनीको लागि आवश्यक पर्ने जग्गा जमिन, भवन, कार्यालय भवन, क्वाटर, ग्यारेज, यातायातका साधन, सवारीका साधन आदि खरिद गर्ने निर्माण वा खडा गर्ने, भाडा वा लिजमा लिने, संभार गर्ने, मर्मत गर्ने, भोगचलन गर्ने, रेखदेख वा नियन्त्रण गर्ने, आफूलाई आवश्यक नपरे लिजमा भाडामा दिने, विक्री आदि तरिकावाट हक हस्तान्तरण गरि दिने ।
(ञ) कम्पनीले उचित ठहरिएको आधार तथा तरिकावाट रकम उठाउने, कम्पनीको जायजेथा वापत सबै वा केही अंश व्यवहार हुने गरी धितो राखी वा नराखी विभिन्न संस्था वा अरु कुनै प्राप्त गर्ने र बांकी मौज्दात रकम अन्यत्र लगानी गर्ने वा कर्जा दिने ।
(ट) कम्पनीको नाममा बैंकहरुमा खाता खोल्ने, संचालन गर्ने, प्रमिसरी नोट, विल अफ एक्स्चेन्ज, बैंक डाफ्ट, हुण्डी र अन्य निगोसिएवल तथा टान्सफोरेवल विलहरु जारी गर्ने, बनाउने, मन्जुर गर्ने वा स्वीकार गर्ने ।
(ठ) कम्पनीका काम कारोवारका सम्बन्धमा आवश्यक परेको खण्डमा मुद्दा मामिला दायर गर्ने, प्रतिरक्षा गर्ने तथा मध्यस्थतावाट मिलापत्र गर्ने ।
(ड) कम्पनी वा कम्पनीको कामदार कर्मचारीहरुको हितलाई ध्यानमा राखी कुनै धार्मिक, सामाजिक, परोपकारी, शैक्षिक आदि संस्था वा क्लवलाई आर्थिक सहयोग तथा संरक्षण दिने र कम्पनीको कर्मचारीहरुलाई समेत सहयोग गर्ने र तिनीहरुको आर्थिक श्रोतलाई ध्यानमा राखी संचयकोष वा अन्य उचित देखिएको संविधाको व्यवस्था मिलाउने ।

५) शेयर पुँजीको संरचना:

(क) अधिकृत पुँजी : यस कम्पनीको अधिकृत पुँजी रु.३,००,००,००,०००/-(अक्षरेपि तीन अर्ब) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१००/- दरका ३,००,००,०००(तीन करोड) थान शेयरमा विभाजन गरिएको छ।
(ख) जारी पुँजी : कम्पनीको जारी शेयर पुँजी रु.२,५४,१०,००,०००/- (अक्षरेपि दुई अर्ब चौवन्न करोड दश लाख) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु.१००/- दरका २,५४,१०,००० (अक्षरेपी दुई करोड चौवन्न लाख दश हजार) थान शेयरमा विभाजन गरिएको छ।
(ग) चुक्ता पुँजी : हाल कम्पनीको चुक्ता पुंजी रु.२,३१,००,००,०००/-(अक्षरेपि दुई अर्ब एकतिस करोड) रहेको छ। यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पुँजी रु.२,५४,१०,००,०००/-(अक्षरेपि दुई अर्ब चौवन्न करोड दश लाख) हुनेछ।

६) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पुँजीको संरचना :

हकप्रद शेयर निष्काशन गर्नुपूर्व कम्पनीको चुक्ता पूँजीको स्थिति :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पुँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	१,१७८१,०००	५१	१,१७८१,००,०००	सत प्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	१,१३१९,०००	४९	१,१३१९,००,०००	सत प्रतिशत
	जम्मा	**२,३१,००,०००**	**१००**	**२,३१,००,००,०००**	सत प्रतिशत

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने कम्पनीको चुक्ता पूँजीको स्थिति :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पुँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	१,२९,५९,१००	५१	१,२९,५९,१००,०००	
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	१,२४,५०,९००	४९	१,२४,५०,९०,०००	
	जम्मा	**२,५४,१०,०००**	**१००**	**२,५४,१०,००,०००**	

७) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव:

क. सञ्चालकको परिचय : कम्पनीको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

सि.नं	सञ्चालकको नाम, ठेगाना	पद	शैक्षिक योग्यता	व्यवसायिक अनुभव
१.	श्री आजाद श्रेष्ठ, नयाँ बजार, वडा नं.९, पोखरा, कास्की	अध्यक्ष	स्नातक	अध्यक्ष–साविक श्री अजोड इन्स्योरेन्स लिमिटेड, कार्यकारी निर्देशक : श्री जया कन्फेक्सनरी प्रा. लि. कार्यकारी निर्देशक : श्री सुजल फुड प्रा. लि. संचालक : श्री पविन्द्र डेभलपर प्रा. लि. पूर्व उपाध्यक्ष : श्री नेपाल उद्योग वाणिज्य महासंघ ,काठमाण्डौ पूर्व संचालक : श्री माछापुच्छ्रे बैंक लि. पूर्व अध्यक्ष : श्री पोखरा उद्योग वाणिज्य संघ बीमा तथा अन्य क्षेत्रमा ४१ वर्षको अनुभव ।
२.	श्री विपिन सुवेदी (घोराही, वडा नं. २, दाङ्ग) (प्रतिनिधी सी.जी.फुड्स नेपाल लि. सानेपा, ललितपुर)	सञ्चालक	स्नातकोत्तर	एलायन्स लिगल सर्भिसेजमा संस्थापक कर्पोरेट कानुनमा १० वर्षको अनुभव
३.	श्री विपिन विहारी पंगेनी, वालिङ्ग, वडा नं. ९, स्याङ्जा (प्रतिनिधी चौधरी ग्रुप प्रा. लि. सानेपा, ललितपुर)	सञ्चालक	चार्टर्ड एकाउन्टेण्सी	महा प्रबन्धक : श्री चौधरी ग्रुप, संचालक : नेपाल जलविद्युत प्रवर्धन तथा विकास लिमिटेड, संचालक : मिडिल मोदी हाइड्रोपावर लिमिटेड लेखापरिक्षण र अन्य क्षेत्रमा १९ वर्षको अनुभव ।
४.	श्री शम्भु अधिकारी, नारेश्वर वडा नं.७, गोरखा	सञ्चालक	स्नातकोत्तर	प्रबन्धक संचालक : श्री कसमस एड्भरटाजिङ् एण्ड मिडिया प्रा. लि. पूर्व संचालक : साविक श्री कसमस डेभलप्मेन्ट बैंक लि. पूर्व संचालक : साविक श्री इन्फ्रास्ट्रक्चर डेभलप्मेन्ट बैंक लि., बीमा तथा अन्य क्षेत्रमा २२ वर्षको अनुभव ।
५.	श्री विष्णु प्रसाद नेपाल, का.म.न.पा वडा नं. १६, बालाजु, काठमाडौं	स्वतन्त्र सञ्चालक	स्नातकोत्तर	संचालक–साविक श्री अजोड इन्स्योरेन्स लिमिटेड श्री नेपाल सरकार निजामती सेवाको सहर्साचिव पदवाट अवकास प्राप्त, निजामती सेवामा ३४ वर्ष अनुभव ।
६.	श्री संगीता के.सी., नयाँ नैकाप वडा नं.७, काठमाण्डौं	सञ्चालक	स्नातकोत्तर	संचालक : श्री एन.आर.एन इन्फ्रास्टक्चर एन्ड डेभलपमेन्ट लिमिटेड, कानून व्यवसायीको रुपमा ६ वर्षको अनुभव ।
७.	श्री विलसन मान रंजित, का.म.न.पा वडा नं २१, काठमाण्डौं	सञ्चालक	स्नातक	संचालक–साविक श्री यूनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लिमिटेड बीमा तथा सूचना प्रविधि क्षेत्रमा करीब १७ वर्षको अनुभव ।

ख. प्रमुख कार्यकारी अधिकृतको विवरण

क्रसं	नाम	शैक्षिक योग्यता/अनुभव	पद	ठेगाना
१.	श्री रेना रिजाल	व्यवस्थापनमा स्नातकोत्तर/१२ वर्ष बैंकिङ तथा १२ वर्ष बीमा क्षेत्रमा कार्य अनुभव ।	निमित्त प्रमुख कार्यकारी अधिकृत	बुडानीलकण्ठ न.पा वड्डा नं ०४, काठमाण्डौं ।

सूचिकृत सइठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को पालना भएको उदघोषण गर्दछौं ।

८) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

(क) नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशन मुताबिक कम्पनीको न्यूनतम चुक्ता पूँजी दुई अर्ब पचास करोड पुऱ्याउन कम्पनीको मिति २०८२/०३/३० गते सम्पन्न वार्षिक साधारण सभाबाट सर्वसम्मतिले पारित गरे बमोजिम (१०० : १०) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पूंजी संकलन गर्न ।
(ख) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी जुटाउन ।
(ग) कम्पनीको सेवा विस्तार गर्न क्रमसा लगानी बढाउन तथा वीमा क्षेत्र सम्बन्धी गतिविधिहरुलाई विस्तार गरी देशको वीमा क्षेत्रको विकासमा योगदान पुऱ्याउन ।
(घ) कम्पनीको शाखा संजाल विस्तार गरी व्यवसाय वृद्धि गर्न तथा वृद्धि भएको वीमा शुल्कको आधारमा आफ्नो खुद जोखिम धारण क्षमता (Net Retain Risk) वृद्धि गर्न ।

निष्काशनबाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

शीर्षक	अनुमानित रकम (रु.)
सरकारी र सरकारको जमानत प्राप्त सेक्युरिटीमा	५,०८,२०,०००
पब्लिक कम्पनीको साधारण शेयरमा	२,३१,००,०००
बैंक/वित्तीय संस्था र कम्पनीको अग्राधिकार शेयर डिवेन्चर बण्डमा	२,३१,००,०००
वाणिज्य बैंकको Fixed Deposit लगानी	९,२४,००,०००
विकास बैंकको Fixed Deposit लगानी	२,३१,००,०००
फाइनान्स कम्पनीको Fixed Deposit लगानी	१,१५,५०,०००
नयाँ शाखा संजाल स्थापना	२३,१०,०००
विद्यमान शाखाहरुको स्तरोन्नती	२३,१०,०००
केन्द्रीय कार्यालयको स्तरोन्नती र भौतिक सम्पत्ति	२३,१०,०००
जम्मा	**२३,१०,००,०००**

नोट: मिति २०८२/१०/०४ गते बसेको संचालक समितिको ७३ औं बैठकबाट निर्णय भए बमोजिम

९) सञ्चालक समितिको बनौट :

यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको नियमावलीको नियम ११ मा भएको व्यवस्था अनुसार कम्पनीमा एक जना स्वतन्त्र सञ्चालक र एक जना महिला सञ्चालक सहित निम्न बमोजिम ७ जना सञ्चालक रहने गरी एक सञ्चालक समितिको व्यवस्था गरिएको छ। सञ्चालक समितिमा नियुक्त हुनको लागि यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ। यस्तो शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन। तर, संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक तथा व्यावसायिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन। संचालक समितिमा सञ्चालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

संस्थापक समूह "क" वर्गका शेयरधनीहरुको तर्फबाट	३
सर्वसाधारण समूह "ख" वर्गका शेयरधनीहरुको तर्फबाट	३
स्वतन्त्र सञ्चालक	१
जम्मा	**७**

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ। स्वतन्त्र सञ्चालक बाहेक पदावधि समाप्त भई सञ्चालकको पदवाट अवकाश प्राप्त गर्ने व्यक्ति सञ्चालकको पदमा पुनः नियुक्त हुन सक्ने छ ।

१०) निष्काशन गरिने हकप्रद शेयरको सङ्ख्या तथा त्यसको अनुपात:

यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडले हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्दाको मितिमा कायम शेयरधनीहरुले यस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन्। सो शेयरधनीहरुको लागि निजहरुको नाममा कायम शेयरको १०० : १० को अनुपातमा (विद्यमान १०० कित्ता शेयर बराबर नयाँ १० कित्ता शेयरको दरले) हुन आउने शेयरका लागि दरखास्त साथ प्रति शेयर रु. १००/– को दरले भुक्तानी माग गर्ने गरी रु.२३,१०,००,०००/- शेयर पूँजी बराबर प्रति शेयर रु. १००/– अंकित दरका २३,१०,००० कित्ता शेयरहरुको हकप्रद निष्काशन गरिएको छ ।

११) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम:

कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिमनै गणना कायम गरिनेछ। दरखास्त साथ प्रति शेयर रु.१००/– को दरले आवेदन गर्ने साधारण शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त साथ संलग्न भएको हुनुपर्नेछ।

१२) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था:

सार्विकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बांकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाडँफाडँ निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोकेबमोजिम अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढावढ) द्वारा विक्री गरिनेछ ।

१३) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडले यस हकप्रद निष्काशन प्रयोजनका निम्ति आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिमा कायम शेयरधनीह